# नेपाल मुद्रण उद्योग महासंघ
## FEDERATION OF NEPAL PRINTERS' ASSOCIATION

Central Office: Kathmandu, Nepal, Tel: +977-1-5910977

**Quarterly Bulletin**

Year : 1 Volume : 1 10, Ashar 2079


# नेपाल मुद्रण उद्योग महासंघको चौथो महाधिवेशन सम्पन्न





२०७८ फागुन २० र २१ गतेमा नेपाल मुद्रण उद्योग महासंघको चौंथो महाधिवेशन भव्यताका साथ सम्पन्न भयो । महासंघका संस्थापक अध्यक्ष श्री उदयनरसिंह वादेद्वारा उद्घाटन गरी शुरु गरिएको महाधिवेशनका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्र ढकाल हुनुहुन्थ्यो भने विशिष्ट अतिथि नेपाल उद्योग परिसंघका उपाध्यक्ष श्री कृष्णप्रसाद अधिकारी हुनुहुन्थ्यो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय समितिका सदस्य श्री डिबी वस्नेत, पूर्व केन्द्रीय सदस्य श्री सुनिल गोपाल श्रेष्ठ, नेपाल मसलन्द उद्योग महासंघका अध्यक्ष श्री हरि भण्डारी, नेपाल पेपर मर्चेन्ट एशोसियशनका अध्यक्ष श्री मनहरदाश मूल समेतको उपस्थिति रहेको थियो ।

महासंघको उक्त विशेष कार्यक्रममा पूर्व अध्यक्ष माधव के.सी., सल्लाहकार श्री भरत श्रेष्ठ, पूर्व वरिष्ठ उपाध्यक्ष श्री रामलाल शाह, पूर्व सचिव श्री खेम लुइटेल, पुराना मुद्रण व्यवसायी कृष्ण प्रसाद अधिकारी

**बाँकी पृष्ठ २ मा**



## नेपाल मुद्रण उद्योग महासंघको अध्यक्षमा खोमकान्त रेग्मी निर्वाचित

२०७८ फागुन २० र २१ गते काठमाडौंमा भएको नेपाल मुद्रण उद्योग महासंघको चौथो महाधिवेशनबाट अध्यक्षमा श्री खोमकान्त रेग्मी निर्वाचित हुनु भएको छ । यसै गरी सो महाधिवेशनले खोमकान्त रेग्मीको अध्यक्षतामा ४४ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ । जसको नामावली निम्नानुसार छन् । अध्यक्ष खोमकान्त रेग्मी, निवर्तमान अध्यक्ष पुस्कल गौतम, वरिष्ठ उपाध्यक्ष विष्णु तिवारी, प्रथम उपाध्यक्ष अरुण सापकोटा, द्वितीय उपाध्यक्ष राजकुमार घिमिरे, उपाध्यक्ष प्रदेश १ राजन प्रसाद पाठक, उपाध्यक्ष मधेश प्रदेश प्रमोदकुमार गुप्ता, उपाध्यक्ष बागमती प्रदेश कुयाङ लामा, उपाध्यक्ष गण्डकी प्रदेश पदमलाल श्रेष्ठ, उपाध्यक्ष लुम्बिनी प्रदेश मनोजकुमार जि.सी., उपाध्यक्ष कर्णाली प्रदेश हेमाकुमारी उपाध्याय, उपाध्यक्ष सुदूरपश्चिम प्रदेश नरसिंह धामी, महासचिव कमलप्रसाद पोखरेल,

**बाँकी पृष्ठ ५ मा**

# मुद्रण उद्योग संघ चितवनको साधारण सभा, सम्मान तथा वनभोज कार्यक्रम




चितवन/मुद्रण संघ चितवनको २० औं साधारण सभा एवं पारिवारिक वनभोज कार्यक्रम २०७८ फागुन २८ गते सम्पन्न भएको छ। रत्ननगर स्थित टिकौली इको पार्कमा सम्पन्न उक्त कार्यक्रमको नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । संघका निवर्तमान अध्यक्ष गुमानसिंह खड्काद्वारा स्वागत मन्तव्य व्यक्त गरेका थिए । संघका सचिव रविन मिश्रद्वारा प्रगति एवं कोषाध्यक्ष उत्तम अर्यालद्वारा आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

कार्यक्रममा महासंघमा हालैमात्र निर्वाचित हुनु हुने चितवन जिल्लाका मुद्रण व्यवसायीहरुलाई सम्मान समेत गरिएको थियो । महासंघको निर्वाचनमा यसै जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने संघका पूर्व अध्यक्ष खोमकान्त रेग्मी अध्यक्षमा, संघका सदस्य मनोज जि.सि. लुम्बिनी प्रदेश उपाध्यक्षमा र संघका पूर्व सचिव अर्जुन सापकोटा उप-महासचिवमा निर्वाचित भएका थिए ।

जिल्ला स्थित अधिकांश मुद्रण व्यवसायीहरुको उपस्थित रहको उक्त कार्यक्रको सभाध्यक्ष संघका अध्यक्ष उपकार सापकोटाले गरेका थिए भने कार्यक्रम संचालन संघका उपाध्यक्ष सन्दिप सुदेवीले गरेका थिए ।

## चौथो महाधिवेशन ...


सहित अग्रज मुद्रण व्यवसायीहरु, प्रदेश तथा जिल्लाबाट उपस्थित हुनु भएका प्रतिनिधिहरुको गरिमामय उपस्थिति रहेको थियो। झण्डै ४०० जना प्रतिनिधिहरुको उपस्थिति रहेको सो कार्यक्रमको व्यवस्थापन काठमाडौं मुद्रण उद्योग संघले गरेको थियो ।

निर्वाचन पश्चात सोहि दिन निर्वाचन अधिकृतद्वारा सपथ ग्रहण सहित प्रमाणपत्र वितरण गरिएको थियो । तत्काल कार्यसमितिको बैठक



बसी कार्य सम्पादन गर्नुहुने निर्वाचन आयोग लगायत सबैमा धन्यवाद ज्ञापन गरिएको थियो । कार्यक्रममा नव निर्वाचित अध्यक्ष खोमकान्त रेग्मीले २ वर्षे कार्यकाललाई स्वर्णिम कार्यकाल बनाउने प्रतिबद्धता व्यक्त गर्दै निवर्तमान अध्यक्ष पुस्कल गौतमको कार्यकालमा गरिएको कार्यलाई प्रशंसा गर्दै बाँकी अधुरा कामहरु सम्पन्न गरिने बताउनु भयो । सबै मुद्रण व्यवसायीलाई धन्यवाद दिदैं उहाँले वरिष्ठ उपाध्यक्ष हुँदा मुद्रण व्यवसायीले पुऱ्याएको सहयोग र सदभावका लागि साथै निर्वाचित गराउनु हुने सबै मुद्रण व्यवसायी मित्रहरुलाई धन्यवाद व्यक्त गर्दै महासंधको उचाईलाई थप बल पुग्ने काम गर्ने कुरा बताउनु भएको थियो । निर्वाचन पश्चात कसैको हार र कसैको जित नभै सबैको जित भएको कुरा व्यक्त गर्दै सबै मुद्रण व्यवसायीहरु एकाकार र गोलबद्ध हुँदै अगाडि बढ्नु पर्ने बताउनु भयो ।

## प्रिन्ट कम्पिटिसनमा निर्णायकको रुपमा सहभागी




२७ फागुन २०७८ अफसेट प्रिन्टिङ्ग एशोसियसन भारतद्वारा सञ्चालित प्रिन्ट कम्पिटिसनको निर्णायकको भूमिकामा मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी सहभागी हुनुभयो । भर्चुवल रुपमा सञ्चालित सो कार्यक्रम भारतमा सञ्चालन भएको थियो। सो कार्यक्रमको निर्णायकको रुपमा इन्डोनेशिया र श्रीलङ्काका मुद्रण महासंघका अध्यक्षहरुको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा प्रोफेसर डा. कमल चोप्राको पनि उपस्थिति रहेको थियो ।

## महासंघको पाठ्यपुस्तकका सन्दर्भमा ध्यानाकर्षण

विभिन्न मितिमा, नेपाल सरकारले विगतका वर्षहरुमा दिँदै आएका सामुदायिक विद्यालयका पाठ्यपुस्तक छपाईको कार्य नीजि क्षेत्रलाई नदिई जनक शिक्षालाई दिँदा शैक्षिक सत्र शुरु हुँदा पनि विद्यार्थीले पाठ्य पुस्तक नपाएकोमा महासंघमार्फत ध्यानाकर्षण विज्ञप्ती प्रकाशित गरिएको थियो । यो विषयमा पटक पटक गरी विभिन्न माननीयहरु र सरोकारवाला व्यक्तित्वहरु, त्यसमा सम्बन्धित व्यक्तित्वहरुसँग भेटी पटक पटक लविङ्ग गरिरहेको छ । विभिन्न पत्रपत्रिका, संसद भवन लगायत सबै ठाउँमा आवाज उठाइएको छ ।

# काठमाडौं मुद्रण उद्योग संघको क्यालेण्डर विमोचन, सम्मान तथा वनभोज कार्यक्रम




वैशाख ३, २०७९ काठमाडौं मुद्रण उद्योग संघले प्रकाशन गर्दै आएको २०७९ को क्यालेण्डर विमोचन सहित नेपाल मुद्रण उद्योग महासंघका नव निर्वाचित कार्य समितिलाई सम्मान कार्यक्रम र वनभोज कार्यक्रम सम्पन्न गरेको छ ।

संघका अध्यक्ष श्री धननारायण श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मी हुनुहुन्थ्यो भने कार्यक्रममा निवर्तमान अध्यक्ष पुस्कल गौतम, प्रथम उपाध्यक्ष श्री अरुण सापकोटा, द्वितीय उपाध्यक्ष श्री राजकुमार घिमिरे, वागमती प्रदेश उपाध्यक्ष श्री कुयाङ लामा, कोषाध्यक्ष श्री सुदिप न्यौपाने, पूर्व अध्यक्ष श्री माधव के.सी., सल्लाहकार श्री भरत श्रेष्ठ लगायत कार्यसमितिका सदस्यहरु, प्रदेशका पदाधिकारीहरु, काठमाडौं मुद्रण उद्योग संघका पदाधिकारी एवं सदस्यहरु सहित उल्लेख्य मुद्रण व्यवसायीहरुको महत्वपूर्ण उपस्थिति रहेको थियो । सो कार्यक्रममा काठमाडौं मुद्रण संघका उपाध्यक्ष श्री प्रेम आचार्यद्वारा स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने संघका उप-सचिव विष्णु पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## कार्य समितिको दोस्रो पूर्ण बैठक सम्पन्न

नेपाल मुद्रण उद्योग महासंघको केन्द्रीय कार्यसमितिको बैठक चैत ५, २०७८ मा तीनकुने स्थित सिद्धार्थ कटेजमा सम्पन्न गरियो । महासंघका अध्यक्ष खोमकान्त रेग्मीको अध्यक्षतामा सम्पन्न सो बैठकको सञ्चालन महासचिव श्री कलमप्रसाद पोखरेलले गर्नुभएको थियो भने बैठकमा विभिन्न समसामयिक विषय र महासंघको धारणाका विषयमा छलफल गरी निर्णय गरिएको थियो ।




## पन्चाङ्ग निर्णायक समितिको निर्णयप्रति महासंघको ध्यानाकर्षण



मिति २०७८/१२/०७ गते पन्चाङ्ग निर्णायक समितिले फाल्गुन ११ गते प्रकाशन गरेको सूचना अनुसार २०७९ सालको भित्ते पात्रो प्रकशन गर्नका लागि दस्तुर तिरी छपाई स्वीकृति लिनुपर्ने नियमले सम्पूर्ण प्रेस व्यावसायलाइ प्रभावित गरि छ्पाइ कार्यमा हुने सँकुचनले व्यवसायलाई धारासायी पार्ने निर्णय तत्काल फिर्ता गर्न र पन्चाङ्ग निर्णायक समितिलाई दिएको स्वेच्छाचारी निर्णय गर्ने अधिकार समेतमा पुनर्विचार गर्नका लागि सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री महेश्वर नेउपानेज्यु समक्ष नेपाल मुद्रण उद्योग माहासघको तर्फबाट अध्यक्ष श्री खोमकान्त रेग्मीको नेतृत्वमा प्रथम उपाध्यक्ष अरुण सापकोटा, दितीय उपाध्यक्ष राज कुमार घिमिरे काठमाडौं मुद्रण सघका अध्यक्ष घन नारायण श्रेष्ठसहितको उपस्थितिमा ध्यानाकर्षण पत्र पेश गरियो । सचिवज्युबाट यो बर्ष २०० भन्दा बढि सस्थाहरुले दस्तुर तिरि स्वीकृति लिइसकेकोले आगामी वर्षमा व्यावसायिक प्रयोजनलाई यथावत गर्ने व्यक्तिगत र मुल्य नराखेका भित्ते पात्रोको दस्तुरमा परिमार्जन गर्ने आश्वासन प्राप्त भएको थियो ।

## मकवानपुर मुद्रण उद्योग संघको अधिवेशन तथा साधारण सभा सम्पन्न



मकवानपुर मुद्रण उद्योग सङ्घको साधारण सभा तथा अधिवेशन २०७८/१२/१२ गते हेटौडाको दक्षिणकाली मन्दिर परिसरमा सम्पन्न भएको छ । नेपाल मुद्रण उद्योग महासङ्घका केन्द्रीय सदस्य इन्द्र प्रसाद नेपालको प्रमुख आतिथ्यता, जिल्ला अध्यक्ष अजिव भट्टराईको अध्यक्षता र सचिव राजु नेपालले सञ्चालन गर्नु भएको उद्घाटन समारोहमा निवर्तमान अध्यक्ष गोकर्ण सुवेदी, मकवानपुर चेम्बर अफ कमर्सका अध्यक्ष माधव न्यौपानेले शुभकामना मन्तव्य राख्नु भएको थियो । ४४ जना प्रेस व्यवसायीहरुको सहभागीता रहेको साधारण सभामा सङ्घको वार्षिक प्रतिबेदन र आर्थिक प्रतिवेदन पास भए पश्चात् नयाँ कार्य समिति राजु नेपालको अध्यक्षतामा उपाध्यक्ष खिल प्रसाद पौडेल "दामु", सचिव पुरुषोतम ढकाल, कोषाध्यक्ष शङ्कर गोपाल खड्की, सदस्यहरु बिष्णु प्रसाद नेपाल र भानुभक्त चौलागाई रहेको सर्वसम्मत चयन भएको थियो । निवर्तमान अध्यक्ष पदेन सदस्य रहने प्रवधान रहेको र निर्वाचित कार्यसमितिले विधान अनुसार धनराज विश्वकर्मा र विजय पौडेललाई मनोनित गर्नुका साथै वार्षिक कार्यक्रम तय गरेको छ । साधारण सभा पश्चात् प्रेस मजदुरहरुको समेत सहभागितामा रमाईलो वनभोज कार्यक्रम पनि आयोजना गरिएको थियो ।

मकवानपुर मुद्रण उद्योग सङ्घले मकवानपुरका पर्यटकीय स्थलका तस्बिर समाबेस गरी प्रकाशन गर्न लागेको २०७९ सालको क्यालेण्डर प्रकाशन समेत गरेको छ ।

## संघीय संसदका मुद्रण शाखाका कर्मचारीहरूलाई प्रशिक्षण

संघीय संसद सचिवालयले संसदको कर्मचारी प्रशिक्षण शाखा अन्तर्गत मुद्रण शाखाका कर्मचारीहरुलाई तालिमको आयोजना गरी नेपाल



मुद्रण उद्योग महासंघलाई पनि तालिम दिन अनुरोध गरे अनुसार नेपाल मुद्रण उद्योग महासंघका महासचिव श्री कमल पोखरेलले सो तालिम प्रदान गर्नुभयो । संघीय संसदको सचिवालयको सभाहलमा सम्पन्न सो कार्यक्रममा संघीय संसदका मुद्रण सम्बन्धी कार्य गर्ने कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## लिखित सुझाव पेश

चैत्र २४ २०७८ नेपाल उद्योग वाणिज्य महासंघद्वारा वस्तुगत संघसँग नेपाल सरकारलाई २०७९/०८० को बजेटमा निजीक्षेत्रसहित आफ्नो वस्तुगत संघको तर्फबाट सुझाव पेश गर्न गरिएको कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी सहभागी भई लिखित सुझाव पेश गर्नुभयो ।

## प्रिन्टिङ्गको भविष्य (Future of Printing) मा सहभागी

**८, चैत २०७८** भारतको चण्डीगढको महेन्द्रगढ भन्ने ठाउँमा प्रिन्टिङ्गको भविष्य (Future Printing) को विषयमा अध्यक्ष खोमकान्त रेग्मी सहभागी हुनुभएको थियो । भर्चुवल सो कार्यक्रममा भारत, इन्डोनेसिया, बङ्गलादेश, श्रीलङ्का, थाइल्याण्ड, नेपाल र भुटानको सहभागिता रहेको थियो । नेपालको वर्तमान प्रिन्टिङ्गको अवस्थाका बारेमा अध्यक्ष श्री खोमकान्त रेग्मीले आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रोफेसर डा.कमल चोप्रासहित Federation of Master Printing Association का अध्यक्षको पनि उपस्थिति रहेको थियो ।




## चितवनमा प्रिन्टिङ्ग मेला



चितवनमा भएको प्रिन्टिङ्ग सम्बन्धी मेला चितवन उद्योग संघको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा वागमती प्रदेशका उद्योग मन्त्री माननीय श्री मिलनबाबु श्रेष्ठले उद्घाटन गर्नुभएको थियो । झण्डै ७० वटा स्टल रहेको सो प्रदर्शनीमा नेपालका झण्डै २०० जना मुद्रण व्यवसायीहरुले अवलोकन गर्नुभएको थियो ।

# मुद्रण उद्योग संघ कास्कीद्वारा ग्राफिक डिजाइन तालिम सञ्चालन






पोखरा । मुद्रण उद्योग संघ कास्कीद्वारा आयोजित निःशुल्क ग्राफिक डिजाइन तालिम पोखरामा सञ्चालन भएको छ। जेठ २४ गतेबाट सञ्चालन भएको उक्त तालिम असार २३ सम्म हुनेछ ।

सिटिइभिटी गण्डकी प्रदेशको सहयोगमा आयोजित तालिममा २७ जना प्रशिक्षार्थी सहभागी छन् । एक महिना सञ्चालन हुने तालिम ए फोर जेड ग्राफिक एकेडेमीमा हुनेछ ।

मुद्रण उद्योगमा दक्ष जनशक्ति निकै अभाव भएकाले समस्या भईरहेको र त्यसलाई थोरै मात्रामा भएपनि राहत पुग्नेछ भन्ने विश्वासका साथ तालिम आयोजना गरिएको कार्यक्रम संयोजक तथा मुद्रण उद्योग संघ कास्कीका सहकोषाध्यक्ष पदम श्रेष्ठले जानकारी दिए ।

कार्यक्रम शुभारम्भ गर्दै सिटीईभिटी गण्डकी प्रदेशका उपनिर्देशक जीवन भण्डारीले मुद्रण उद्योग संघ र सिटिईभिटी बीच आगामी दिनमा पनि सहकार्य गर्ने र तालिम निकै प्रभावकारी हुने विश्वास व्यक्त गरे। साथै, उनले तालिम लिएर प्रमाणपत्र घरमा राखेर नबस्न र रोजगारमा लाग्न पनि आग्रह गरे । भण्डारीले तालिमबाट मुद्रण उद्योग थप व्यवस्थित हुने र पोखरामा पनि राम्रो डिजाइन र छपाई हुने विश्वास व्यक्त गरे ।

तालिम सिकेका प्रशिक्षार्थीलाई युवा स्वरोजगारमा जोडाइदिने काम सिटिइभिटीले गर्ने भन्दै उनले तालिम निकै प्रभावकारी हुनेछ भन्ने अपेक्षा गरे । संघका अध्यक्ष गिरबहादुर श्रेष्ठ (किरण)ले १३ र १४ जना गरि प्रशिक्षार्थीहरुलाई दुई समुहमा विभाजन गरेर कक्षा सञ्चालन गरिएको जनाकारी गराएका थिए । उनले बढ्दो बेरोजगारी र दक्ष कामदारको अभावले गर्दा श्रमिकहरुले उचित ज्याला पाउन नसक्ने तथा रोजगारदाताले दक्ष कामदार नपाउने अवस्था सृजना हुँदा आवश्यकता अनुसार सीप दिएर उनिहरुलाई रोजगार दिनको लागि प्रशिक्षण सुरु गरेको बताए ।

कितावी ज्ञान मात्र भएर अहिले समाजमा जिउन धेरै गाह्रो भएको बताउँदै युवालाई रोजगार वा स्वरोजगार बनाउनको लागि तालिम सञ्चालन गरिएको हो, उनले भने आगामी दिनमा छपाई मेशिन अपरेटर ट्रेनिङ लगायतका छापाखानामा काम गर्ने श्रमिकहरुलाई सिप विकासका तालिमहरु सञ्चालनको लागि मुद्रण उद्योग संघ कास्कीले सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने जानकारी गराएका थिए ।

मुद्रण उद्योग महासंघ गण्डकी प्रदेश उपाध्यक्ष पदमलाल श्रेष्ठ र मुद्रण उद्योग महासंघका केन्द्रीय सदस्य जीवन गोर्खालीले मुद्रण क्षेत्र निकै ठूलो सम्भावना रहेकाले उद्योगमा आवश्यक पर्ने दक्ष डिजाइनर उत्पादन हुने विश्वास व्यक्त गरे ।

संस्थाका वरिष्ठ उपाध्यक्ष चिन्तामणि बाँस्तोलाले उद्योगमा दक्ष डिजाइनर नहुँदा निकै समस्या भएको दुःखेसो पोखे । संस्थाका अध्यक्ष गिरबहादुर श्रेष्ठ किरणको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव रामप्रसाद भुर्तेलले गरेका थिए ।

## नेपाल मुद्रण ...

उप-महासचिव अर्जुन प्रसाद सापकोटा, सचिव जीवन गोर्खाली, सह-सचिव मिना सुवेदी ढकाल, कोषाध्यक्ष सुदिप न्यौपाने, सह-उपाध्यक्ष गिरीराज गैरे, एशोसिएट सदस्य बसन्त नारायण भोचिभोया, सदस्यहरुः चण्डी ढकाल, सत्यराम महर्जन, निराजन शाक्य, विश्वराज दुवाल, हरि पहारी, राजु पोखरेल, दिपक दाहाल, कृष्णप्रसाद पराजुली, ईन्द्र प्रसाद नेपाल, शम्भु शाह, गौराज श्रेष्ठ, खिलराज पराजुली, खड्गबहादुर खड्का, नवल किशोर राय, विजय पाखरिन, खिलनाथ लुईटेल, कृष्णप्रसाद वास्तोला, खगेन्द्र प्रसाद अर्याल, हरिभक्त डाँगी, चण्डीप्रसाद गैरे, सोमराज ढकाल, हिरामणि चौलागाई, छत्रबहादुर साउद र मणिकान्त मिश्र रहेका छन् । उक्त महाधिवेशनमा अध्यक्ष, द्वितीय उपाध्यक्ष र सह-सचिवमा मात्र निर्वाचन भएको थियो भने अन्य पदाधिकारी एवं सदस्यहरुमा सबै जना निर्विरोध रुपमा निर्वाचित हुनुभएको थियो ।

## उद्योग वाणिज्य महासंघको वार्षिक साधारण सभामा सहभागी

चैत २८ २०७८ उद्योग वाणिज्य महासंघको वार्षिक साधारण सभामा महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी र महासचिव श्री कमल पोखरेलको सहभागीता रहेको । वस्तुगत संघको तर्फबाट सो महासंघमा सहभागिता जनाइएको हो ।



# मुद्रण उद्योग संघ रुपन्देहीको दुई दिने वार्षिक योजना सम्पन्न






रुपन्देही जिल्ला भित्र रहेको सम्पूर्ण प्रेस व्यवसायीहरुको छाता संगठन मुद्रण उद्योग संघ रुपन्देहीको वार्षिक योजना निर्माण तथा कार्यशाला गोष्ठी यही असार ३ र ४ गते झरना रिर्सोट, बल्डेङगढी, पाल्पामा सम्पन्न भएको छ ।

मुद्रण उद्योग संघ रुपन्देहीका अध्यक्ष लिलाधर लुईटेलको अध्यक्षतामा तथा यस संस्थाका सल्लाहकार तथा नेपाल मुद्रण महासंघका उपाध्यक्ष मनोज जि.सी.को आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा यस संस्थाका सल्लाहकार तथा नेपाल मुद्रण उद्योग महासंघ सह-कोषाध्यक्ष गिरीराज गैरे (राजु), सल्लाहकार तथा नेपाल मुद्रण उद्योग महासंघका सदस्य एवं लुम्बिनी प्रदेश अध्यक्ष कृष्ण पराजुली, निवर्तमान तथा नेपाल मुद्रण उद्योग महासंघका सदस्य हरि पहारी, लुम्बिनी प्रदेश सदस्य निर्मल अर्याल लगायत मुद्रण उद्योग संघ रुपन्देहीका सम्पूर्ण कार्यसमितिको पूर्ण सक्रियता सम्पन्न उक्त कार्यक्रम संघका उपाध्यक्ष पशुपति पौडेलको स्वागत तथा सचिव सागर पाठकको सञ्चालनमा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा संघले बढ्दो महङ्गीलाई मध्येनजर गर्दै छपाईका दरभाउमा परिमार्जन गर्ने, मुद्रण व्यसायलाई सुदृणीकरण गर्ने, ग्राहक कालोसूची निर्माण गर्ने कार्यविधी, नयाँ व्यवसायीलाई संघमा आवद्ध हुन प्रोत्साहीत गराउने, दुर्घटना बिमा, गैर व्यवासायीलाई कसरी निरुत्साहित गर्न सकिन्छ भन्ने जस्ता नीतिगत विषयबस्तुमा गहन छलफल गरी निर्णय गरिएको थियो । त्यसैगरी संघले वर्षभरीमा व्यवसायीक तथा सामाजिक क्षेत्रमा गर्न सकिने कार्यलाई समेटी वार्षिक क्यालेण्डर समेत तयार गरिएको थियो ।

## सचिवालयको बैठक सम्पन्न

जेठ, २८, नेपाल मुद्रण उद्योग महासंघको सचिवालयको बैठक सम्पन्न भएको छ । बैठकले विभिन्न विभाग गठन गर्दै आगामि असार १० र ११ गते बुढानिलकण्ठ काठमाडौंको पार्क भिलेजमा दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरी तेस्रो कार्यसमितिको बैठक सम्पन्न गर्ने कुरा निर्णय गरेको छ ।




## वस्तुगत संघको सदस्यता प्राप्त

**फागुन २२ २०७८, नेपाल उद्योग वाणिज्य महासंघसँग वस्तुगत सदस्यता पाउन गरिएको कार्य २२ फागुन २०७८ मा वस्तुगत संघको सदस्यता प्राप्त भएको छ ।**

विभिन्न किसिमका कागजहरु
नेपालमै तयारी र सुपथ मूल्यमा प्राप्त
गर्न पुरानो र भरपर्दो
एक मात्र कागज उत्पादक

**एभरेष्ट पेपर मिल्स प्रा.लि.**
**महेन्द्रनगर, धनुषा, नेपाल**
**फोन: ०४१-५२००९३, ५४०२४५**

# ललितपुर मुद्रण उद्योग संघको क्यालेण्डर विमोचन तथा सम्मान कार्यक्रम






२०७९ वैशाख १० गते, ललितपुर मुद्रण उद्योग संघको क्यालेण्डर विमोचन कार्यक्रममा नेपाल उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी प्रमुख आतिथ्यतामा भव्यताका साथ सम्पन्न भयो ।

उक्त कार्यक्रम ललितपुर मुद्रण उद्योग संघका अध्यक्ष तथा नेपाल मुद्रण उद्योग महासंघका द्वितीय उपाध्यक्ष श्री राजकुमार घिमिरेको अध्यक्षतामा सम्पन्न गरिएको थियो । कार्यक्रममा प्रथम उपाध्यक्ष श्री अरुण सापकोटा, लुम्बिनी प्रदेश उपाध्यक्ष मनोज जि.सी., गण्डकी प्रदेश उपाध्यक्ष श्री पदम श्रेष्ठ, महासचिव कमल पोखरेल, उप-महासचिव श्री अर्जुन सापकोटा, कोषाध्यक्ष श्री सुदिप न्यौपाने लगायत ललितपुर र काठमाडौंका मुद्रण व्यवसायीहरु, संघका सदस्यहरुको उल्लेख्य उपस्थिति रहेको थियो । सो कार्यक्रममा नव निर्वाचित केन्द्रीय पदाधिकारीहरुलाई सम्मान समेत गरिएको थियो ।

## मुद्रण उद्योग संघ बाँकेको विविध कार्यक्रम

२०७८ चैत ३ गते होली मिलन कार्यक्रम तथा वार्षिक साधारण सभा सम्पन्न । २०७८ चैत ३ गते जिल्ला कार्यसमिति विस्तार तथा विधान संशोधन सम्पन्न । नयाँ वर्ष २०७९ को क्यालेण्डर विमोचन कार्यक्रम सहित सम्मान कार्यक्रम ।




## महासंघद्वारा सुझाव पेश

चैत्र २४ २०७८, नेपाल उद्योग वाणिज्य महासंघद्वारा वस्तुगत संघसँग नेपाल सरकारलाई २०७९/०८० को बजेटमा निजीक्षेत्रसहित आफ्नो वस्तुगत संघको तर्फबाट सुझाव पेश गर्न गरिएको कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी सहभागी भई लिखित सुझाव पेश गर्नुभयो ।

प्रेसलाई चाहिने कागज, मसी तथा
केमिकलको थोक तथा खुद्रा बिक्रेता
ओरियन्ट ओभरसिज
विराटनगर, नेपाल
फोनः ९८५२०२००८०



FAPGA को कार्यक्रममा होटल क्राउन प्लाजा ग्रेटर नोयडामा नेपालका प्रतिनिधि

# FAPGA को कार्यक्रम महासंघको सहभागिता



२०७९ जेठ १०-११ । विभिन्न १६ वटा देश संलग्न संस्था FAPGA (Forum of Asia Pacific Graphic Arts Association) को सम्मेलन भारतको नोयडाको होटल क्राउन प्लाजामा सम्पन्न भएको छ । सो कार्यक्रममा नेपालको तर्फबाट अध्यक्ष खोमकान्त रेग्मी, तत्कालीन FAPGA का तृतीय उपाध्यक्ष वर्तमान वागमती प्रदेश उपाध्यक्ष कुयाङ लामा र कार्यसमितिका सदस्य श्री कृष्णप्रसाद पराजुलीको सहभागीता रहेको थियो । नेपालको तर्फबाट देशको रिपोर्ट सहित त्यहा उपस्थित भई नेपाल FAPGA को उपाध्यक्ष चयन भएको छ ।

उक्त FAPGA को अध्यक्षमा मनोज मेहता निर्वाचित हुनु भएको छ भने बाँकी देशका सबै जना उपाध्यक्षमा रहने व्यवस्था छ। महासंघको तर्फबाट उपाध्यक्षमा वागमती प्रदेश उपाध्यक्ष श्री कुयाङ लामालाई सर्वसम्मत चयन गरी पठाइएको छ। यस फोरममा अष्ट्रेलिया, बङ्गलादेश, भुटान, कम्बोडिया, चिन, भारत, इन्डोनेशिया, जापान, कोरिया, मलेशिया, न्यूजिल्याण्ड, नेपाल, फिलिपिन्स, श्रीलंका, थाईल्याण्ड र भियतनाम समावेश छन् । कार्यक्रम उत्साह र उमङ्गका साथ सम्पन्न भएको थियो भने त्यस कार्यक्रममा सम्मानित सबैलाई नेपाली टोपी र नेपालको तर्फबाट हिमाल सहितको गौतम बुद्धको चित्र अंकित मायाको चिनो प्रदान गरिएको थियो ।



## १५ औं प्रिन्टप्याकमा सहभागिता






भारतको सुन्दर शहर ग्रेटर नोयडामा भारतीय संस्था IPAMA को आयोजनामा र त्यहाँका धेरै संस्था सहितको सहभागितामा प्रिन्टिङ्ग मेलाको शुभारम्भमा महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको सहभागिता रह्यो । करिब ८ वटा मुलुकका विदेशी पाहुना सहितको समूहले रिवन काटेर उक्त कार्यक्रमको शुरुवात गरिएको थियो भने कार्यक्रमको आयोजक संस्थाले नेपालका अध्यक्ष खोमकान्त रेग्मीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।




Federation of Master Printers Association का निर्वतमान अध्यक्ष प्रोफेसर डा. कमल चोप्रा र IPAMA का निर्वतमान अध्यक्ष दयाकर रेडीसँगै हामी



Global Ambassador-World packaging organization Chakravarthi AVPS लाई नेपालको तर्फबाट मायाको चिनो प्रदान गर्दै ।

मिति : २०७९/०२/०८

# प्रेस वक्तव्य

शैक्षिक शत्र सुरु भएको धेरै दिन वितिसक्दा पनि सरकारी स्वामित्वको जनकशिक्षा सामग्री केन्द्रले सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुऱ्याउन नसकेको समाचार आईरहदा मुद्रण व्यवसायीहरुको छाता संगठन नेपाल मुद्रण उद्योग महासंघ यसप्रति चिन्तित छ।

सरकारी स्वामित्वको मुद्रण संस्था जनकशिक्षा सामग्री केन्द्रले सामुदायिक विद्यालयका पाठ्यपुस्तक समयमै छपाई तथा वितरण गर्न नसकेको कारण शैक्षिक शत्रको अन्त्यमा पनि पाठ्यपुस्तक विद्यार्थीको हातमा पुग्न नसक्ने अवस्थालाई लिएर २०६४ सालबाट कक्षा १ देखि कक्षा ८ सम्मका सामुदयिक विद्यालयका पाठ्यपुस्तक छपाई तथा वितरणको जिम्मेवारी निजि क्षेत्रलाई दिएको विषय सर्वविदितै छ। निजि क्षेत्रले समयमा नै आफ्नो जिम्मेवारी पूरा गरेको कारण पाठ्यपुस्तक छपाई तथा वितरणमा त्यस पछिका वर्षहरुमा सहजता आएको भएपनि जनकशिक्षाले अझैपनि आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कारण शैक्षिक शत्र सुरु भईसक्दा पनि विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुऱ्याउन नसकेकाले विद्यार्थीको पठनपाठनमा गम्भिर असर परेको विषय आम सञ्चार माध्यमद्वारा प्रकाशन भईरहेको छ।

यस्तो अवस्थामा पनि निजि क्षेत्रलाई खुम्च्याएर शैक्षिक शत्र २०७८ मा कक्षा १ देखि ४ सम्म र २०७९ को लागि १ देखि ३ सम्म मात्र छपाई तथा वितरणको अनुमति दिएकोले यो भयावह अवस्था आएको हो। निजिले पाएको जिम्मेवारी कक्षा १ देखि कक्षा ३ सम्मका पाठ्यपुस्तक देशभरि वितरण भईरहेको पनि यसै वक्तव्य मार्फत जानकारी गराउदछौं।

सरकारको एउटा संस्था जोगाउने बहानामा लाखौ विद्यार्थीहरुमाथि भएको खेलवाड प्रति नेपाल मुद्रण उद्योग महासंघको गम्भिर आपत्ति छ। सोही कार्य गर्न निजि क्षेत्रले गरेको अरवौं रुपैयाको छपाई मेसिन कामको अभावका कारण खालि छन् तर निजि क्षेत्रलाई पाठ्यपुस्तक छपाईमा कक्षा थप गराउन शिक्षा मन्त्रालयमा र मातहतका निकायहरुलाई कयौं पटक अनुरोध गर्दा पनि हाम्रो कुरा सुनुवाई भएन जसले गर्दा अझै विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउने सम्भावना देखिदैन र विद्यार्थीले पाठ्यपुस्तक विना नै परीक्षामा सामेल हुने अवस्था आउदै छ। अत : एउटा सरकारी संस्था जोगाउने वहानामा ९० लाख विद्यार्थीको भविष्यमाथि भएको खेलवाड महासंघलाई किमार्थ स्वीकार्य छैन।

अझै पनि सरकारले हामी निजि क्षेत्रसँग सहकार्य गरेर कम्तिमा कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक छपाई तथा वितरणको अनुमति दिएमा निजि क्षेत्रले १५ दिनमै देशैभरी पाठ्यपुस्तक विद्यार्थीको हात-हातमा पुऱ्याउने प्रतिवद्धत्ता गर्दछौं।

साथै यो विषम परिस्थितिमा निजि मुद्रण व्यवसायीहरु राज्यलाई सहयोग गरेर समाधानतिर अगाडि वढने विस्वास दिलाउदछौं।

(महासचिव)
कमल प्रसाद पोखरेल

(अध्यक्ष)
खोमकान्त रेग्मी

## Brands served by us:

Marriott HOTELS · RESORTS · SUITES
KONE
OKAYA
Saffola
HYATT REGENCY KATHMANDU
orient electric
Rijal's NAMKEEN Since 1988
Carrier
SYSKA
OM LOGISTICS LTD. Making Business Simple
DELHIVERY
Zast
GEM MADE IN INDIA
JK TYRE TOTAL CONTROL
streax
Marg The Business Backbone Marg ERP 9+
NABIL BANK
SOMANY
NEPAL ELECTRICITY AUTHORITY ESTD. 1985
DELTIN CASINO INTERNATIONAL MARRIOTT HOTEL · KATHMANDU · NEPAL
ASTRAL PIPES
BAMBINO
CERA
SMARTEN FUSION IS THE FUTURE
fabindia CELEBRATE INDIA
MIDAS GROUP NEPAL
ITC Limited
CASIO
UNIPATCH RUBBER LIMITED A Joint Venture with TECH INTERNATIONAL, USA
Hilife
GOLCHHA GROUP 100 YEARS OF TRUST

# Punah Jagarn Translog Pvt. Ltd.

Authorized Customs Clearing Agents & Logistics
Bhairahawa, Birgunj
Email: pjtnepal@gmail.com
Mobile: +977-9801022823/ +91-9940027094

# पत्रपत्रिका र अनलाईनमा आएका पाठ्यपुस्तकका समस्याका खबरहरू

## जनक शिक्षा जोगाउने नाममा लाखौँ विद्यार्थीको भविष्यमाथि खेलबाडः मुद्रण व्यवसायी

नेपाल मुद्रण उद्योग महासंघले सरकारले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई जोगाउन खोज्दा लाखौँ विद्यार्थीको भविष्यमाथि खेलबाड भएको भन्दै चिन्ता व्यक्त गरेको छ ।

समयमै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुर्याउन केन्द्रले नसकेको जनाउँदै संघले पाठ्यपुस्तक छपाईको लागि निजी क्षेत्रलाई जिम्मा दिनुपर्ने बताएको हो । संघले भनेको छ, 'शैक्षिक शत्र सुरु भएको धेरै दिन वितिसक्दा पनि सरकारी स्वामित्वको जनकशिक्षा सामाग्री केन्द्रले सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुऱ्याउन नसकेको समाचार आईरहदा मुद्रण व्यवसायीहरुको छाता संगठन नेपाल मुद्रण उद्योग महासंघ यसप्रति चिन्तित छ ।' संघले सरकारी स्वामित्वको मुद्रण संस्था जनक शिक्षा सामग्री केन्द्रले सामुदायिक विद्यालयका पाठ्यपुस्तक समयमै छपाई तथा वितरण गर्न नसकेको कारण शैक्षिक सत्रको अन्त्यमा पनि पाठ्यपुस्तक विद्यार्थीको हातमा पुग्न नसक्ने अवस्थालाई लिएर २०६४ सालबाट कक्षा १ देखि कक्षा ८ सम्मका सामुदायिक विद्यालयका पाठ्यपुस्तक छपाई तथा वितरणको जिम्मेवारी निजी क्षेत्रलाई दिएको उल्लेख गरेको छ ।

निजी क्षेत्रले समयमा नै आफ्नो जिम्मेवारी पूरा गरेको कारण पाठ्यपुस्तक छपाई तथा वितरणमा त्यसपछिका वर्षहरुमा सहजता आएको भए पनि जनक शिक्षाले अझैपनि आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कारण शैक्षिक सत्र सुरु भइसक्दा पनि विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुर्याउन नसकेकाले विद्यार्थीको पठनपाठनमा गम्भीर असर परेको दाबी गरेको छ ।

## सामुदायिक विद्यालयका पाठ्यपुस्तक नपुगेको विवरण माग्दै सरकार

काठमाडौँ, २७ जेठ । नयाँ शैक्षिकसत्र लागेदेखि हालसम्म पनि पाठ्यपुस्तक अभावका गुनासो अन्त्य भएको छैन । नेपाल सरकारको जिम्मेवार निकाय भने कुन जिल्लाका कुन विद्यालयमा कति पाठ्यपुस्तक अपुग भएको भन्ने सूचना मागिरहेको छ ।

विद्यालय तहका पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुने व्यवस्थाबमोजिम कक्षा १ देखि ३ सम्म निजी क्षेत्रका मुद्रण व्यवसायी र कक्षा ४ देखि १० सम्म सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले उत्पादन र वितरणको जिम्मेवारी पाएका छन् ।

निजी क्षेत्रले माथिल्लो तहका पाठ्यपुस्तक पनि छपाई गरिरहेका छन् । विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको विषय संघीय संसद् र सञ्चारमाध्यममा दैनिकजसो उठिरहेका बेला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्र भने आफूले छाप्न बाँकी रहेकाबाहेक छापिइसकेका पुस्तक पनि सम्बन्धित विद्यालयमा नपुगेको जनाइरहेका छन् ।

मन्त्रालयका सचिव एवं केन्द्रको संचालक समितिका यादवप्रसाद कोइरालाले बिहीबार केन्द्रका अधिकारीलाई अपुग भएका क्षेत्रबाट तथ्यांक लिएर छिटोछरितोरूपमा बिक्री वितरण गर्न निर्देशन दिनुभएको छ । चालू शैक्षिकसत्रका लागि कक्षा ४ देखि १० सम्म कूल एक करोड ९८ लाख थान पाठ्यपुस्तक छपाइको लक्ष्य लिइएकामा आजसम्म १ करोड ८० लाख थान (करिब ९० प्रतिशत) उत्पादन भइकेको केन्द्रको भनाइ छ । छपाइ भइसकेकामध्ये कतिपय पुस्तक ढुवानीका क्रममा रहेको र विद्यालयमा पुग्न बाँकी रहेकाले नपुग भएको गुनासो आएको केन्द्रका प्रवक्ता चित्र आचार्यले बताउनुभयो ।

दैनिक एक लाख पाठ्यपुस्तक उत्पादन गर्दै आएको केन्द्रबाट बिहीबार मात्रै सुर्खेत र चितवनका लागि पाठ्यपुस्तक ढुवानी भएको छ । आचार्यले अबको १५ दिन (असार १० गतेभित्र) बाँकी सबै (करिब १५ लाख थान) पुस्तक छपाइ सम्पन्न गरिने जनाउँदै बजारमा समानुपातिक वितरण नहुँदा यो समस्या आएको बताउनुभयो । हाल कक्षा ६ र ८ का सामाजिक, अंग्रेजी र नेपाली विषयका पुस्तक बढी अभाव देखिएको छ । ती पुस्तक निजी क्षेत्रले पनि उत्पादन गरेकाले केन्द्र र निजी क्षेत्रबीचको समन्वय नहुँदा कहाँ कति विद्यार्थीका लागि कसले कति उत्पादन र वितरण गर्ने भन्ने तथ्यांकको अभाव पनि देखिएको छ ।

कक्षा ५, ८ र १० का पाठ्यपुस्तक आगामी शैक्षिकसत्रमा परिवर्तन (कोर्स आउट) हुने भएकाले पनि केन्द्रले भण्डारमा नरहने गरी यस वर्षका लागि आवश्यक संख्यामा मात्रै उत्पादन गरिरहेको छ । यस्तै पाठ्यक्रम विकास केन्द्रबाट कक्षा ४, ७ र ९ का अनुदित (अंग्रेजी माध्यम) का पाठ्यपुस्तकको मुद्रणीयप्रति (सिआरसी) प्राप्त नभएकाले पनि माग भए पनि आफूहरूले अनुदित पुस्तक दिन नसकिएको केन्द्रको भनाइ छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पनि पढाइ हुन थालेको र कति विद्यालयमा अनुदित पुस्तक चाहिने भन्ने तथ्यांक पनि सरकारी नियकासँग उपलब्ध छैन ।

कतिपय सन्दर्भमा स्थानीय बिक्रेताले केन्द्रका प्रादेशिक कार्यालयबाट समयमा नलैजाने, बिक्रेतासँग उपलब्ध हुँदाहुँदै पनि विद्यालयले समयमा खरिद नगर्नेजस्ता कारणले विगतमा पनि विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको देखिन्छ ।

केन्द्रले सार्वजनिक सूचना जारी गरी स्थानीय बिक्रेताकोमा पाठ्यपुस्तक उपलब्ध नभए कक्षा र विषय खुलाइ स्थानीय बिक्रेतामार्फत् केन्द्रका प्रादेशिक कार्यालयका साथै सम्बन्धित तह, शिक्षा विकास तथा समन्वय इकाइ र जनक शिक्षाको केन्द्रीय कार्यालय सानोठिमीमा जानकारी गराउन आग्रह गरेको छ । केन्द्रले स्थानीय बिक्रेतामार्फत ७७ वटै जिल्लामा कक्षा ४ देखि १० सम्मका पाठ्यपुस्तक ढुवानी गरी यही जेठ ५ गतेदेखि बिक्री वितरण गर्दै आएको छ । पाठ्यपुस्तक छपाइ र वितरणमा निजी क्षेत्रबाट संलग्न मुद्रण व्यवसायी दीपक भण्डारीले आफूहरूलाई प्राप्त भएको अभावको सूचनाका आधारमा प्रदेशगतरूपमा पनि समन्वय गरी उपलब्ध गराउने गरिएको बताउनुभयो ।

# नेपाल मुद्रण उद्योग महासंघद्वारा चिन्ता व्यक्त

नयाँ शैक्षिकसत्र शुरु भएको धेरै दिन बितिसक्दा पनि जनक शिक्षा सामाग्री केन्द्रले सामुदायिक विद्यालयमा पाठ्यपुस्तक पुर्याउन नसकेको भन्दै मुद्रण व्यवसायीहरुको छाता संगठन नेपाल मुद्रण उद्योग महासंघले चिन्ता व्यक्त गरेको छ ।

सरकारी स्वामित्वको मुद्रण संस्था जनकशिक्षा सामाग्री केन्द्रले सामुदायिक विद्यालयका पाठ्यपुस्तक समयमै छपाइ तथा वितरण गर्न नसकेकोले वि.सं. २०६४ सालदेखि कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक छपाइ तथा वितरणको जिम्मा निजी क्षेत्रलाई दिइएको छ । निजी क्षेत्रले आफ्नो जिम्मेवारी समयमै पूरा गरेपनि जनकशिक्षा सामाग्री केन्द्रले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्दा समस्या देखिएको छ । समयमै पाठ्यपुस्तकको छपाइ तथा वितरण नहुँदा विद्यार्थीको पढाइलाई असर परेको भन्दै मुद्रण व्यवसायीहरुले चिन्ता व्यक्त गरेका छन् ।

सरकारले एउटा संस्था । जोगाउने वहानामा लाखौं विद्यार्थीको भविष्यलाई अन्योलमा पारेको मुद्रण व्यवसायीहरुको आरोप छ । उनीहरुले एक विज्ञप्ति प्रकाशित गर्दै सरकारले सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा ८ सम्मका पाठ्यपुस्तक छाप्न दिएमा १५ दिनभित्र सबैकाम सक्ने बताएका छन् ।

## जनक शिक्षा खारेज गरौं, किताब छाप्न निजीलाई दिऔं: नविना लामा

२६ जेठ, काठमाडौं । नेकपा एमालेकी सांसद नविना लामाले जनक शिक्षा सामग्री केन्द्र खारेज गर्न र पाठ्यपुस्तक छाप्ने जिम्मा निजीलाई दिन माग गरेकी छन् ।

आजको प्रतिनिधि सभाको बैठकको शून्य समयमा बोल्दै लामाले जनक शिक्षाले समयमा पाठ्यपुस्तक पुर्याउन नसकेकाले त्यसलाई खारेज गर्नुपर्ने बताइन् । 'कक्षा ६ र ८ को पुस्तकको अभाव छ, पुस्तक किन अभाव भयो, जनक शिक्षा सामग्री बचाउने नाममा विद्यार्थीहरुले पुस्तक कहिल्यै पाएनन्,' लामाले भनिन्, 'यदि छाप्ने र वितरण गर्न नसक्ने हो भने जनक शिक्षा सामग्री किन चाहियो ? सरकारले किन पैसा दिइरहने ? खारेज गरौं ।'

उनले जनक शिक्षा सामग्री खारेज गरेर पाठ्यपुस्तक छाप्ने जिम्मा निजीलाई दिनुपर्ने समेत बताइन् । 'बेलैमा कागज किन्न नसक्ने, छाप्न नसक्ने किन भयो ? कागजको ठेक्का लिनेले किन कागज ल्याएनन् ? कारबाही गर्नुपर्छ,' उनले भनिन्, 'हामीले वैकल्पिक उपाय खोजेर निजीलाई दिने कुरा गर्नुपर्छ अनि तुरुन्त किताब पाउने कुराको सुनिश्चित गर्नुपर्छ ।'

जनक शिक्षा सामग्रीको व्यवस्थापनको कमजोरीले विद्यार्थीहरुले समयमै पाठ्यपुस्तक नपाएको बताउँदै उनले त्यहाँका पदाधिकारी जवाफदेहीसमेत नबनेको बताइन् ।

**उल्लेख गरिएका समचारहरुभन्दा बाहेक शिक्षा तथा स्वास्थ्य समितिका माननीय सांसद श्री योगेश भट्टराई, कानुन न्याय तथा मानवअधिकार समितिका सभापति श्री कृष्णभक्त पोखरेल लगायत माननीय सांसदहरुले प्रतिनिधि सभा र राष्ट्रिय सभामा समेत पाठ्यपुस्तक अभावका बारेमा बोल्दै यसमा सरकार र शिक्षा मन्त्रालयको ध्यान आर्किष्ट गर्नुभएको छ ।**

## निजी क्षेत्रलाई पाठ्यपुस्तक छपाईको अनुमति दिन मुद्रण उद्योग महासंघको माग

काठमाडौं । नेपाल मुद्रण उद्योग महासंघले सामुदायिक विद्यालयका पाठ्यपुस्तक निजी क्षेत्रलाई पनि छपाईको अनुमति दिन सरकारसँग माग गरेको छ । सरकारले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई जोगाउने नाममा पाठ्यपुस्तक छपाइमा एकाधिकार दिदा वर्षेनी पाठ्यपुस्तकको अभाव देखिएको महासंघको दाबी छ । यसबाट लाखौं विद्यार्थीको भविष्यमाथि खेलबाड भएको भन्दै महासंघले चिन्ता व्यक्त गरेको छ ।

महासंघले आइतवार एक प्रेस वक्तव्य जारी गरि समयमै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुर्याउन जनक शिक्षा सामग्री केन्द्रले नसकेको जनाउँदै पाठ्यपुस्तक छपाईको लागि निजी क्षेत्रलाई जिम्मा दिनुपर्ने बताएको हो।

संघले सरकारी स्वामित्वको मुद्रण संस्था जनक शिक्षा सामग्री केन्द्रले सामुदायिक विद्यालयका पाठ्यपुस्तक समयमै छपाई तथा वितरण गर्न नसकेको कारण शैक्षिक सत्रको अन्त्यमा पनि पाठ्यपुस्तक विद्यार्थीको हातमा पुग्न नसक्ने अवस्थालाई लिएर २०६४ सालबाट कक्षा १ देखि कक्षा ८ सम्मका सामुदायिक विद्यालयका पाठ्यपुस्तक छपाई तथा वितरणको जिम्मेवारी निजी क्षेत्रलाई दिएको उल्लेख गरेको छ ।

निजी क्षेत्रले समयमा नै आफ्नो जिम्मेवारी पूरा गरेको कारण पाठ्यपुस्तक छपाई तथा वितरणमा त्यसपछिका वर्षहरुमा सहजता आएको भए पनि जनक शिक्षाले अझैपनि आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कारण शैक्षिक सत्र सुरु भइसक्दा पनि विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुर्याउन नसकेकाले विद्यार्थीको पठनपाठनमा गम्भीर असर परेको दाबी गरेको छ ।

'यस्तो अवस्थामा पनि निजी क्षेत्रलाई खुम्च्याएर शैक्षिक सत्र २०७८ मा कक्षा १ देखि ४ सम्म र २०७९ को लागि १ देखि ३ सम्म मात्र छपाई तथा वितरणको अनुमति दिएकोले यो भयावह अवस्था आएको हो', संघले भनेको छ, 'निजीले पाएको जिम्मेवारी कक्षा १ देखि कक्षा ३ सम्मका पाठ्यपुस्तक देशभरि वितरण भइसकेको जानकारी गराएको छ ।

अझै पनि सरकारले निजी क्षेत्रसँग सहकार्य गरेर कम्तीमा कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक छपाई तथा वितरणको अनुमति दिएमा निजी क्षेत्रले १५ दिनमै देशैभरि पाठ्यपुस्तक विद्यार्थीको हात-हातमा पुर्याउने प्रतिबद्धता जनाएको छ ।